स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कलाकार भिसामा युरोप पठाउने भन्दै ठगी गरेको आरोपमा पक्राउ परेका हाँस्य कलाकार सुलेमान शंकर “इकु” रिहा भएका छन् । जिल्ला अदालत काठमाडौंले उनलाई ५ लाख धरौटीमा रिहा गर्न आदेश दिएको हो। न्यायाधीश खिमानन्द भुषालको इजलासले इकुलाई धरौटीमा छाड्न आदेश दिएको हो । अदालतको आदेशपछि उनी १४ असोजमा रिहा भएको अदालतका सूचना अधिकारी मेलिस बासकोटाले जानकारी दिए ।

**आजको विचार...**



प्रविन्न रेग्मी

के... (दुई पेजमा)



अभिनेत्री वर्षा सिवाकोटीले निजी जीवन र फिल्मी करिअरमा ठूलो आरोह-अवरोह भोलेकी छन् । वैवाहिक जीवन एक वर्ष नपुग्दै टुंगियो । डेब्यु फिल्म ‘नाइँ नभन्नू ल २’ र दोस्रो फिल्म ‘पशुपति प्रसाद’पछि उनका १२ वटा फिल्म श्रृंखलाबद्ध रुपमा असफल भए । जसले उनको करिअर नै संकटग्रस्थ बनायो । तर, ‘प्रतिक्षाको फल मीठो हुन्छ’ भनेझैं वर्षाले ७ वर्षपछि ‘परदेशी २’बाट हिटको स्वाद चाखिन् । यसले उनका लागि सफलताको ढोका खोलेको जस्तै देखिन्छ ।

❒ वर्ष ३० ❒ अंक ९४ ❒ २०८१ कार्तिक ७ गते बुधबार 23 October 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सहकारी ठगी प्रकरण

# भित्र छविलालको बयान, बाहिर पीडितको प्रदर्शन

**हाम्रा संवददाता**

**बुटवल,** कार्तिक ६/बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा सहकारी पीडितहरु प्रदर्शनमा उत्रिएका छन् । भैरहवास्थित जिल्ला सरकारी वकिलको कार्यालयमा गोर्खा मिडिया नेटवर्कका उपाध्यक्ष एवं पूर्वडीआईजी छविलाल जोशीको बयान चलिरहेका बेला सहकारी पीडितहरू भने बचत फिर्ता र रकम अपचलन गर्नेलाई कारवाहीको माग गर्दै सरकारी वकिल कार्यालय नजिकै प्रदर्शनमा उत्रिएका हुन् ।

सहकारीबाट आफूहरू ठगिएको भन्दै १ हजार ८ सय ३१ जनाले इलाका प्रहरी कार्यालय बुटवलमा जाहेरी दिएका थिए । तीनै पीडित न्यायको माग गर्दै प्रदर्शनमा उत्रिएका छन् । पीडितहरु प्ले कार्ड र कालो ब्यानरमा नारासहित विरोध प्रदर्शन गरिरहेका हुन् । प्रदर्शनकारीले हाम्रो रगत-पसिनाको कमाइ फिर्ता गर, सहकारी ठगीलाई कारवाही गर, दोषीलाई पक्राउ गर लगायतका प्लेकार्ड बोकेर विरोध प्रदर्शन गरिरहेका छन् । उनीहरूले रवि लामिछाने, छविलाल जोशी र जीवी राईलाई राजनीतिक संरक्षण भएको आरोपसमेत लगाएका छन् । सहकारीमा रकम लगानी गरेका पीडितहरू घरबारविहीन भएको भन्दै प्रदर्शनमा उत्रिनु परेको पीडित संघर्ष समितिका अध्यक्ष विजयकुमार नेपालले बताए । पसिना बगाएर आफुहरुले जम्मा गरेको रकम फिर्ता गरिदिन सरकारसँग पटक-पटक हारगुहार गर्दै आए पनि उचित कदम नचालिएको उनको भनाई छ । उता प्रहरीले अनुसन्धान सुरु गरिरहेको भन्दै विरोध प्रदर्शन नगर्न आग्रह गरे पनि पीडितहरुले अदालतअघि नै प्रदर्शन गर्दै आएका छन् । पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलनसम्बन्धी अनुसन्धानमा रहेका जोशीलाई सोमबार पोखराबाट जहाजमार्फत बुटवल ल्याइएको थियो । उनको मंगलबार अपराह्न १२ बजेबाट बयान सुरू भएको थियो । पोखराको सूर्य दर्शन सहरी ठगी प्रकरणमा पक्राउ परेका जोशी सुप्रिम सहकारी ठगीमा पनि जोडिएका थिए । सोमबार पोखराबाट भैरहवा ल्याएर सरकारी वकिल कार्यालयमा दिउँसो तीन बजेटबाट साँझ करिब ६ बजेसम्म बयान लिइएको थियो । बयान नसकिएपछि मंगलबार पनि जोशीसँग बयान लिइएको हो । संसदीय छानबिन विशेष समितिको सिफारिसमा असोज ६ गते जोशी पक्राउ परेका थिए । सहकारीमा सर्वसाधारणले जम्मा गरेको रकम गोर्खा मिडिया नेटवर्कमा लगेर अपचलन गरेको आरोपमा रास्वपाका सभापति एवं गोर्खा मिडिया नेटवर्कका प्रबन्ध निर्देशक रवि लामिछानेलाई काठमाडौंबाट पक्राउ गरी पोखरा लगी अनुसन्धान भइरहेको छ । सुप्रिमको ठगी प्रकरणमा लामिछानेलाई प्रहरीले प्रतिवादी बनाएको छैन । प्रहरी अनुसन्धान प्रतिवेदन अनुरूप सुप्रिम सहकारी ठगी प्रकरणमा जिल्ला सरकारी वकिल कार्यालय मार्फत २८ जना विरुद्ध मुद्दा दायर भएको छ । जसमा सहकारीका अध्यक्ष ओमप्रकाश गुरुङ थुनामा छन् । सचिव पुन सहितका ६ जना धरौटीमा छुटेका छन् । जीबी राई सहित अन्य १९ जना अहिले पनि फरार छन् । अदालतले उनीहरुलाई पनि पक्राउ पुर्जी जारी गरिसकेको छ ।







## संक्षिप्त समाचार

### विस्पोट हुदाँ तीन जनाको मृत्यु



**(रासस/सिन्ह्वा)**

**अफगानिस्तान,** कार्तिक ६/पूर्वी अफगानिस्तानको गजनी प्रान्तमा विस्पोट हुँदा तीन जना बालबालिकाको मृत्यु हुनुका साथै अन्य तीन जना घाइते भएको पुष्टि भएको प्रान्तीय प्रहरी कार्यालयले विज्ञप्ति मार्फत जनाएको छ ।

प्रान्तको कारा बाग जिल्लामा बालबालिकाहरू आलुको खेतमा काम गर्दै गर्दा दुर्घटना भएको विज्ञप्तिमा जनाइएको छ । विस्पोट हुँदा तिनजना बच्चाको घटनास्थलमै मृत्यु भएको थियो भने घाइतेहरूलाई उपचारका लागि नजिकैको अस्पतालमा लगिएको छ । अफगानिस्तानमा सन् २०२४ को पहिलो छ महिनामा बारुति सुरुङ र विस्फोटक अवशेषको विस्पोटमा कुल २९२ जनाको ज्यान गएको थियो । जसमध्ये अधिकांश बालबालिका रहेको संयुक्त राष्ट्रसैीय मानवीय मामिला समन्वय कार्यालयले जनाएको छ । पछिल्लो समयमा अफगानिस्तान विश्वको सबैभन्दा खतरनाक बारुतिसुरुङ युक्त देशहरू मध्ये एक एक बनेको छ जहाँ पटक-पटकको विस्पोटले अधिकाशं बालबालिकासहित दर्जनौं मानिसहरू आकस्मिक रुपमा मृत्यु तथा अपाङ्गताको सिकार हुन बाध्य छन् ।

## सुशासन प्रवर्द्धन गरौं

- कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
- भ्रष्टाचार, अनियमितता विरुद्ध शून्य सहनशील बनौं,
- सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- राज्य र समाजप्रतिको जिम्मेबारी तथा कर्तव्यबोध गरौं,
- रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- विकास निर्माणका कार्यमा सहभागी बनौं,
- अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
- सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# सार्वजनिक जग्गामा ‘बुद्धपार्क’, बन्दै पर्यटकीय गन्तव्यस्थल



**रामपुर (पाल्पा),** कार्तिक ६/झाँडी र झारपातले भरिएको तीसमुरे चौर अहिले चिटिक्क बनेको छ । झाँडीले भरिएको चौरले पर्यटकीय रूप फेर्ला भन्ने कसैले पनि सोचेका थिएनन् । रामपुर नगरपालिका-६ स्थित तीसमुरे चौर (हालको बुद्धपार्क)लाई स्थानीयको सक्रियतामा अहिले पर्यटकीय क्षेत्रका रूपमा विकास गरेपछि पर्यटकीय गन्तव्यस्थल बन्दै गएको छ । तीन वर्ष पहिला यहाँ देख्ने जोकोहीले पर्यटकीयस्थल बन्छ भन्ने कल्पना पनि गरेका थिएनन् ।

यहाँको सौन्दर्यकरण देखेर जोकोही पनि दङ्ग पर्छन् । तीसमुरे चौरलाई अहिले बुद्धपार्कका नामले नामकरण गरिएको छ । यहाँ बुद्धको मूर्ति स्थापना गरी बुद्धपार्कका नामले पर्यटकीय गन्तव्यस्थलका रुपमा यो क्षेत्र प्रख्यात बनेको छ ।

रामपुर-६ ले वडामा रहेका सरकारी तथा सार्वजनिक जग्गा संरक्षण गर्दै त्यसको व्यवस्थापन र उपयोग गर्ने गरी कार्यक्रम सुरु गरेसँगै तीसमुरे चौर बुद्धपार्कमा परिणत भएको हो । आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षण बनेको छ । पक्की सडकले चारैतिर घेरेको यस पार्कको सुन्दर दृश्यले बाटो हिँड्ने यात्रुलाई लोभ्याइरहेको हुन्छ । पार्कभित्र विशाल बुद्धमूर्ति स्थापना, व्यवस्थित घेराबार, प्रवेशद्धार निर्माण, प्रतिक्षालय निर्माण, खुला व्यायामशाला तयार पारिएको छ । पार्कमा आन्तरिक पर्यटक आउने जाने क्रम बढ्दै जाँदा व्यायाम गर्न व्यायामशाला निर्माण गरिएको हो । व्यायामशाला निर्माणपछि बिहानसाँझ व्यायाम गर्न जानेको उत्साहजनक उपस्थिति छ । आर्थिक वर्ष २०७७/७८ मा वडा कार्यालयले चौरको सरकारी जग्गा छुट्याएर घुम्ती बाटो पक्की गरी कार्यक्रम सुरु गरिएको हो ।

**-बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## अध्यादेशको चर्चा

केही दिन यतादेखि सरकारले राजनीतिक दल विभाजन गराउन अध्यादेश ल्याउन लागेको चर्चा चर्कै रुपमा चलिरहेको छ । गृहकार्यस्वरूप प्रधानमन्त्री केपी शर्मा ओलीले प्रमुख सत्ता घटक काँग्रेस सभापति शेरबहादुर देउवासहित नेताहरूसँग व्यापक रुपमा छलफल अघि बढाएपछि अध्यादेशको चर्चा चलेको हो । एमालेबाट विभाजित भएर माधवकुमार नेपाल नेतृत्वमा तीन वर्षअघि गठन भएको एकीकृत समाजवादीलाई विभाजन गर्ने लक्ष्यका साथ प्रधानमन्त्री ओलीले अध्यादेश ल्याउन लागेको प्रतिपक्ष दलहरुको आरोप छ । यद्यपी सरकारले गृहकार्य अगाडि बढाए पनि तत्कालै अध्यादेश ल्याउने अवस्था भने छैन् । प्रधानमन्त्री ओली छिट्टै ल्याउने प्रयासमा भए पनि प्रमुख सत्तारुढ दल नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले भने मुलुकको अहिलेको अवस्थालाई विश्लेषण गरेर नल्याउन प्रधानमन्त्रीलाई भनेका छन् । सरकार भने ढिलो चाडो अध्यादेश ल्याउने तयारीमा छ । यसले प्रतिपक्षी आवाजलाई कमजोर बनाउने सत्तासीन दलको योजना रहेको प्रष्ट हुन्छ । सरकारले अध्यादेश ल्याउने भएपछि विपक्षी दलहरुले भने त्यस विरोध गरेका छन् ।

राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३३ (३) मा कुनै दलको केन्द्रीय समिति र संघीय संसद्को संसदीय दलका कम्तीमा ४० प्रतिशत सदस्यले बनाएको छुट्टै नयाँ दल निर्वाचन आयोगबाट मान्यता पाएको मितिबाट पाँच वर्षसम्म विभाजन हुन नसक्ने व्यवस्था छ । केन्द्रीय समिति र संघीय संसद्का संसदीय दलका कम्तीमा ४० प्रतिशत सदस्यले नयाँ दल गठन गर्न सक्ने कानुनी व्यवस्थालाई २०७८ भदौ २ मा अध्यादेशमार्फत संशोधन गरिएको थियो । त्यतिबेला ल्याइएको अध्यादेशमा केन्द्रीय समिति र संसदीय दलमध्ये कुनै एकमा २० प्रतिशत सदस्यबाटै नयाँ दल खोल्न पाउने प्रावधान राखिएको थियो । अध्यादेश आएलगत्तै एमालेबाट विभाजित भएर माधवकुमार नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) दर्ता गरिएको थियो । जनता समाजवादी पार्टी पनि विभाजन भएर महन्थ ठाकुरको नेतृत्वमा लोकतान्त्रिक समाजवादी पार्टी दर्ता भएको थियो । दल विभाजन भएपछि उक्त अध्यादेशलाई संसदले अनुमोदन नगरेका कारण स्वत: निष्क्रिय भएको थियो । साना दल फुटाउने उद्देश्यसहित ल्याउन लागिएको अध्यादेश आफैमा अलोकतान्त्रिक हो । सरकारको यो कदमले शासकीय बेथितिप्रति दिग्दार सर्वसाधारणलाई पनि थप निराश बनाउनेछ । तसर्थ अहिले अध्यादेश ल्याएर एक अर्कामा विवाद सिर्जना गर्नु भन्दा आम नागरिकका समस्याप्रति गम्भीर बन्नुको साथै बढ्दो भ्रष्टाचार नियन्त्रणमा सरकारले कदम चाल्नु उपयुक्त हुन्छ ।

## Opinion @ Social Network


सम्बन्ध भनेको पैसा जस्तै हुनुपर्छ,
जति पुरानो भएपनि कहिल्यै मुल्य नघट्ने खालको..!!
(*आकाश सोमैको फेसबुक स्टाटस* https://www.facebook.com/somai.akash)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# के निजी स्कुलहरू संकटमा छन् ?



**प्रविज्ञ रेग्मी**

विकासशील अफ्रिकी मुलुकहरू केन्या, नाइजेरिया र विकसित राष्ट्रहरू फिनल्यान्ड, नर्वेका निजी स्कुलहरू असामान्य अवस्थामा परे । तीमध्ये धेरै ओझेलमा परे । दुवै विकासशील र विकसित देशहरूका आर्थिक, राजनीतिक र सामाजिक पाटा फरक छन् तर परिणाम उही छ ।

उल्लिखित अफ्रिकी मुलुकहरूले सार्वजनिक स्कुलमा लगानी बढाए, शिक्षा गुणस्तर उकासे । भौतिक संरचनाहरूको निर्माण गरे र शिक्षक तालिमलाई तीव्रता दिए । सार्वजनिक स्कुलको रूपान्तरणले विशेषत: कम शुल्क भएका निजी स्कुलका विद्यार्थीहरूलाई फाइदा भयो । नि:शुल्क पढ्न पाएपछि व्यापक रूपमा त्यस्ता निजी स्कुलका विद्यार्थी सार्वजनिकमा भर्ना भए । फलस्वरूप निजी स्कुल खाली नै भए । फिनल्यान्डमा सन् १९७० दशकमा सार्वजनिक स्कुलहरूको व्यापक शैक्षिक सुधार भयो । ती स्कुलले निजीको जस्तै वा थप गुणस्तर कायम गरे । यसले निजी स्कुलहरूको औचित्य समाप्त भयो र क्रमश: ती छायामा परे । हाल त्यहाँ नि:शुल्क शिक्षा भएका सार्वजनिक स्कुल र रहलपहल निजी स्कुलको शैक्षिक गुणस्तर समान सरह छ । नर्वेले पनि सार्वजनिक शिक्षामा व्यापक सुधार गरेपछि निजी स्कुलहरू संकटमा परे । यहाँ उल्लिखित सबै देशहरूको सार्वजनिक शैक्षिक सुधारको रणनीति एउटै छ । यो लेखमा म हाम्रा निजी स्कुलको सन्दर्भलाई लिएर विश्लेषण गर्ने छु । हामीकहाँ किन निजी स्कुल शिक्षा विवादमा तानिएका हुन् ? समाज र तिनीहरूको सम्बन्ध किन खस्केको प्रतीत हुन्छ ? अबको आउने समयमा के कस्ता परिवर्तन सम्भव छन् र तिनले निजी स्कुलमा कस्तो प्रभाव पार्ने छन् ? के हाम्रा निजी स्कुल पनि संकट उन्मुख छन् ? यस अवस्थामा निजी स्कुलका कस्ता विकल्प रहने छन् ? निजी स्कुलहरूलाई कम्पनी ऐन अन्तर्गत दर्ता गराउने सरकारी नीतिपछि किचलोको वास्तविक उग्रता सुरू भएको थियो । मुनाफाका लागि स्कुलहरूमा लगानी गर्न पाउने नीतिसँगै रुअर्बौंको निजी लगानीले व्यापकता पायो । स्कुलका भौतिक र शैक्षिक सुधारले यो क्षेत्र नै फस्टायो । सार्वजनिक स्कुलको गुणस्तरमा उदासीन सरकार, अपुग शैक्षिक लगानी र शिक्षक राजनीतिकरणबाट थला परेको सार्वजनिक शिक्षाले निजी स्कुलहरूको विकासमा उत्प्रेरकको भूमिका खेले । शैक्षिक सेवा अनुसारको शुल्क, उच्च परीक्षा परिणाम, शैक्षिक सुविधाको प्रतिस्पर्धा, चुस्त व्यवस्थापन, अभिभावक प्रतिको उत्तरदायित्व र शिक्षक छनौट लगायत क्षेत्रमा निजी स्कुलले आधारभूत गुणस्तर कायम गर्दै स्थापित भए । अहिले देशभर लगभग सात हजार निजी स्कुल छन् जहाँ हजारौंले रोजगारी पाएका छन् । यतिसम्म ठिकै थियो । तर यसबाट एउटा जटिलता खडा भयो - निजी स्कुलहरूले शैक्षिक समतालाई दिएको चुनौती । शिक्षाको समतामा आएको विचलनले एक सामाजिक खाल्डो सिर्जना गरेको सत्य प्रत्यक्ष देखिन्छ । हुने-खानेको र हुँदा-खानेको शैक्षिक पहुँचमा आएको भिन्नताले हाम्रो देशमा दुईखाले शिक्षा भयो भन्ने बहस चर्कन थाल्यो । यसैअनुरूप स्कुललाई फेरि कम्पनी ऐनबाट हटाउन पर्ने नीतिगत प्रयास भए । सरकार असल शिक्षा दिन नसक्ने, निजीको विकल्प बन्न नसक्ने तर भएकै निजी संरचना र लगानीलाई पाखा लगाइदिने अभिष्टले केही समूह प्रेरित भएको देखिन्छ । यी चार पक्षीयह सामाजिक, आर्थिक, न्यायिक र राजनीतिक प्रश्न उठ्ने संवेदनशील क्षेत्र बन्यो । यो घम्साघम्सीले निजी स्कुलहरूलाई बारम्बार आन्दोलनमा उत्रिनुपर्ने बाध्यता ल्यायो । अधिकांश निम्न वा मध्यम आय भएको र मार्क्सवादी सोचले गाँजेको समाजलाई निजी स्कुलको उपस्थिति अपाच्य भएको देखिन्छ । निजी स्कुलले उत्पादन गर्ने विद्यार्थी र उनीहरूको स्वतन्त्र रूपमा विचार गर्ने क्षमतालाई मलजल गर्ने निजी स्कुलहरू ती राजनीतिक समूहहरूको निसानामा आउनु स्वाभाविक थियो । समता र विभेदको मुद्दा बाहेक निजी स्कुलले फरक पारेको शैक्षिक गतिशीलतालाई राजनीतिकरण गरिएको पनि हो । सार्वजनिक स्कुलहरू अकर्मण्य हुने, शैक्षिक नीतिको अन्योलता र राजनीतिक अस्थिरताको अवस्था आउँदा उल्लिखित इन्धनले निजी स्कुलहरूलाई प्रज्ज्वलन गरे । निजी स्कुलहरूलाई अन्य कारणले पनि विवादमा ल्याएको पाइन्छ । शिक्षक/कर्मचारीलाई दिइने पारिश्रमिक, पेसागत सुरक्षा, गुणस्तरको आवरणमा उच्च शुल्क र शैक्षिक व्यापारीकरणका आर्थिक सामाजिक मुद्दाहरूले निजी स्कुलहरूलाई अप्ठ्यारोतर्फ धकेलेको छ । यसबाहेक निजी स्कुलहरूलाई अर्को संकट पनि आइपरेको छ ।

२०७२ सालको भूकम्प र कोभिडपछि धेरै सार्वजनिक स्कुलका विशाल संरचनाहरू तयार पारिएका छन् । विविध शैक्षिक कार्यक्रम अन्तर्गत ती स्कुलहरूमा विज्ञान प्रयोगशाला, इन्टरनेट सुविधा, स्मार्ट बोर्डदेखि कम्प्युटर ल्याबसम्म स्थापना गरिएका छन् । साथै केही स्कुलले अंग्रेजी माध्यममा अध्यापन गर्ने, बस सुविधा दिने, विद्यालय व्यवस्थापन समिति चुस्त बनाएर शैक्षिक गुणस्तर वृद्धि गरी विभिन्न शीर्षकमा शुल्क लिएरै भए पनि शिक्षा प्रदान गरेका छन् । केही सरकारी स्कुलले फड्को मारेकाले निजी स्कुल छाडेर विद्यार्थी भर्ना हुने चाप अत्यधिक भएको र यिनमा आकर्षण बढ्दै गएको समाचार पढ्न पाइन्छ । हजारौं विद्यार्थी पढ्ने सार्वजनिक स्कुलका संख्या उल्लेख्य हुँदै गएका छन् । यो समाचार अवश्य पनि सकारात्मक हो । तर सँगै, यसले निजी स्कुलको भविष्यलाई चुनौती दिन्छ । यो लेखको सुरूआतमा उल्लिखित देशहरूमा सार्वजनिक शिक्षाको सुधार नै निजी स्कुलको महासंकट बनेको स्पष्ट छ । नेपाल त्यही बाटोमा अग्रसर छ र ढिलोचाँडो नीतिगत व्यवस्था र पाठ्यक्रममा सुधार आएमा त्यो अवस्था अवश्यम्भावी छ । निजी स्कुलमा शिक्षक अभाव अर्को चुनौती हो । कर्मशील युवायुवतीहरू विदेश जाने, भएकाहरू शिक्षक पेसामा आकर्षित नहुने, विशेषत: सहरी क्षेत्र बाहिर शिक्षक सुलभ नहुँदा पनि शैक्षिक संकट चुलिएको छ । स्मरण रहोस्, थोरै बाहेक निजी स्कुलहरू आर्थिक रूपमा सबल छैनन् । तिनका शुल्क कम छन् र सञ्चालन खर्च जोहो गर्न पनि कठिन हुने अवस्थामा छन् । ती स्कुललाई उच्च शैक्षिक गुणस्तर कायम गर्न पनि दु:साध्य छ । तर समाजले सबै निजी स्कुललाई एकै डालोमा राखेर सबै उस्तै हुन् भनेको सुनिन्छ । सार्वजनिक स्कुलको सुधार भएमा ती सामान्य, संघर्षशील र कम शुल्क भएका निजी स्कुल नै अस्तित्व संकटको पहिलो चपेटामा विघटन हुनेछन् । अनि यो बाढीमा क्रमश: अन्य स्थापित परम्परागत स्कुल पनि तानिने छन् ।

त्यस्तै निजी स्कुलहरूलाई चारै तर्फबाट प्रहार पनि गरिएको छ । नीतिगत प्रहार, स्थानीय सरकारको बढ्दो निगरानी र नियन्त्रण, सामाजिक असन्तोष र राजनीतिक आक्रमणले वास्तवमा अस्तित्व रक्षा नै चुनौतीपूर्ण बनेको छ । यी सबका माथि वित्तीय संस्था प्रतिको दायित्वले पनि निजी स्कुलहरूलाई च्याप्ने गरेको छ । यसरी विश्लेषण गर्दा निजी स्कुलहरू संकट उन्मुख देखिन्छन् । समाचार र सामाजिक अफवाहबाट फैलिएका र समग्र निजी स्कुललाई दिइने 'शैक्षिक माफिया' जस्ता तर्क, दोषहरू छाडेर पूर्वाग्रह रहित भई भित्री पक्ष नियाल्दा निजी स्कुलका कठिनाइ छर्लंग हुन्छ । अब अगाडिको बाटो र सतर्कता के हुन सक्छ भन्ने हेरौं । निजी स्कुलले आफ्नो स्थायित्वका लागि लिने पहिलो, एक मात्र विकल्प उच्च स्तरको शैक्षिक परिवर्तन र स्कुलको प्रगतिशील रूपान्तरण हो । शिक्षा दर्शनका आधारमा गरिने दीर्घकालीन 'भिजन' निर्माण र त्यस अनुसारको कार्यदिशा हो । धेरै अमेरिकी निजी स्कुलहरू यही परिभाषित लक्षको त्यान्द्रो समातेर उत्कृष्ट बनेका छन् । यस विपरीत, शैक्षिक मूल्यभन्दा मुनाफालाई मात्र हरेक कोणबाट महत्व दिइएमा स्कुलको गन्तव्यको दिशा स्वत: उल्टो हुन्छ । समाजसँग घर्षण पैदा हुन्छ । त्यसले समय अन्तरालमा अनपेक्षित परिणाम ल्याउँछ । धेरै निजी स्कुलले भौतिक पूर्वाधारमा प्रशस्त लगानी गर्ने तर शैक्षिक रूपान्तरणलाई केन्द्रमा नराख्ने वा त्यसमा कम लगानी गरेको देखिन्छ । ठूला लगानीमा स्थापित स्कुलहरू जसमा भौतिक सुविधाको आधारमा मात्र उच्च शुल्क, देखावटीपन हुन्छ तर शैक्षिक गुणस्तर कायम हुँदैन, ती संकटतर्फ अवश्य धकेलिने छन् । हालको अवस्थामा गहिरिएर हेर्दा निजी र सार्वजनिक दुवै स्कुलमा शिक्षाको अभ्यास परम्परागत नै छ । फरक भनेको ती स्कुलको व्यवस्थापन र अभिभावक प्रतिको उत्तरदायित्व मात्र हो । यदि सार्वजनिक स्कुलले यी पाटामा काम गरे भने निजीले आफूलाई गुणस्तरमा विशिष्टिकृत नगरी विकल्पै छैन । परम्परागत रूपमा शिक्षा दिइएको तथ्य ढिलो चाँडो सबैले अनुभव गर्नेछन् र ती तवरका निजी स्कुललाई समाजले उपेक्षा गर्नेछ । यहाँनेर पनि निजी स्कुल सतर्क बन्नुपर्ने देखिन्छ । अब भौतिक सुविधा, विद्यार्थी संख्या, ठूला भवन, बस, खेल मैदान वा सजावटले भरिएका कक्षाकोठाले मात्रै निजी स्कुलको अस्तित्व कायम हुन सक्दैन भन्ने बुझ्न जरूरी छ । यो कुरा बोध गरेका केही स्कुलहरूले आफ्नो पेसागत दक्षता आफै सुधार नगरी विदेशी पाठ्यक्रमका खाका प्रयोगमा ल्याएको पनि पाइन्छ । र, यो प्रचलन बढ्ने देखिन्छ । यहाँ पनि निजी स्कुलहरू सतर्क हुनुपर्छ । किनभने, ती पाठ्यक्रमले हाम्रो शैक्षिक सन्दर्भलाई खलबल्याउने जोखिम हुन्छ । त्यस्तै यो खर्चिलो पनि छ जसकारण ती स्कुल झन् महँगा हुन्छन् । सबै स्कुलहरूले यी विदेशी खाकालाई अनुकूलता दिन शैक्षिक चुनौती सामना गर्नुपर्ने हुन्छ । यो पहुँचले सबै निजी स्कुललाई समेट्न सक्दैन । तसर्थ निजी स्कुलहरू आफैले पेसागत दक्षता उन्नयन गरे, पाठ्यक्रम योजना समृद्ध गरे, अनुदेशात्मक नेतृत्व विकास गरे र शिक्षाका विश्वव्यापी असल अभ्यासहरू शैक्षिक प्रक्रियामा संयोजन गरे मात्र भविष्य स्थायी हुनेछ ।

यो भनेको, भविष्यमा हुनसक्ने सार्वजनिक स्कुल र अन्य परम्परागत रूपमा चलेका निजी स्कुल भन्दा विशिष्ट हुने हो । लेखको सुरूआतमा उल्लिखित राष्ट्रहरूमा त्यस्तै विशिष्ट प्रकारका र अद्वितीय पाठ्यक्रम भएका स्कुलहरू अहिले पनि स्थायी रूपमा चलेका छन् । अर्को विकल्प भनेको संकटको अवस्थामा सार्वजनिक र निजी स्कुलको साझेदारी हुने हो । यसका लागि स्पष्ट नीति र कार्ययोजना चाहिन्छ । उदाहरणका लागि – निजी स्कुलमा पढाउन इच्छुक अभिभावकलाई सरकारले प्रति विद्यार्थी गरेको लगानी बराबरको कुपन दिन सक्छ । यो विकल्प निजी स्कुलको हातमा मात्रै छैन । यस्तै किसिमका अरू अवधारणा पनि छन् । अन्तिममा, सार्वजनिक स्कुल उत्कृष्टतातर्फ जाँदा परम्परागत निजी स्कुलको हालको औचित्य क्रमश: कम हुनेछ । र, निजी स्कुलको स्थायित्व उनीहरूको शैक्षिक विशिष्टतामा मात्र कायम रहने छ । यो समाज र देशका लागि सुखद खबर हो किनभने यसरी नै लोकतान्त्रिक समाजमा शैक्षिक समता र स्तर कायम हुन्छ । यो पनि नभुलौं, संकटमा आउने सुनौलो अवसरले निजी स्कुलहरूलाई अझै गुणस्तरीय बन्ने, पेसागत दक्षता उन्नयन गर्ने र शैक्षिक रूपान्तरणको ढोका खोल्नेछ । ***(लेखक प्रविज्ञ रेग्मी एजुकेसन फर द नेक्स्टजेन र न्यू मिलेनियम स्कुल इमाडोल, ललितपुरका संस्थापक अध्यक्ष हुन्)***

***-सेतोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कुनै कुराले मनमा प्रसन्नता मिल्नेछ। शुभ कार्यमा सहभागी भइएला। | **तुला** : सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ । नयाँ कार्यको योजना बन्नेछ । |
| **वृष** : आँटेको र ताकेको कार्य पुरा होला । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ । | **वृश्चिक** : रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । बोलीको प्रभाव बढ्नेछ । |
| **मिथुन** : धार्मिक कार्यमा रुचि बढ्नेछ। साँझमा अनावश्यक खर्च बढ्न सक्छ। | **धनु** : पढाइ लेखाइमा प्रगति हुनेछ । कृषि कार्यबाट बढी लाभ मिल्नेछ । |
| **कर्कट** : भाग्यले विभिन्न अवसर जुराउनेछ । नयाँ कामको थालनी हुनेछ। | **मकर** : सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । श्रमको उचित मल्यांकन हुनेछ। |
| **सिंह** : सामान हराउने योग छ । वैदेशिक लगानीबाट सफलता पाइन सक्छ । | **कुम्भ** : नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। आफन्तको सहयोग पाइनेछ। |
| **कन्या** : नयाँ सीप सिक्ने मौका मिल्नेछ । पढाइ लेखाइमा विस्तारै सफलता मिल्नेछ। | **मीन** : जोशजाँगर र हिम्मत बढ्नेछैन। तर ,निर्माणको कार्य भने अघि बढ्नेछ। |

## कला मनोरञ्जन

# डिसेम्बरमा सऱ्यो गोल्डेन नेपाली फिल्म अवार्ड





प्रथम गोल्डेन नेपाली फिल्म अवार्ड- ०२४ डिसेम्बर २१ मा आयोजना गरिने भएको छ । पहिला नोभेम्बर १६ मा आयोजना गर्ने घोषणा गरिएको अवार्ड अमेरिकामा नोभेम्बर ५ मा हुन लागेको राष्ट्रपति निर्वाचनका कारण एक महिना पछि सारिएको हो । अमेरिकामा आसन्न राष्ट्रपति निर्वाचनलाई ख्याल राखी सोही सेरोफेरोमा आयोजना हुने तयारीमा रहेको प्रथम गोल्डेन नेपाली फिल्म अवार्डको मिति सारिएको अवार्डका नेपाल संयोजक सुनिल कटुवालले एक विज्ञप्ति जारी गर्दै जानकारी दिए । राष्ट्रपति निर्वाचनका कारण पाहुनाहरूको सुरक्षा र आवागमनमा हुने कडा तथा असहजताको ख्याल गरी अवार्ड कार्यक्रम पूर्वनिर्धारित भन्दा करिब एक महिनापछि सारिएको विज्ञप्तिमा उल्लेख छ । अवार्ड मूल समारोह २१ डिसेम्बर २०२४ को साँझ ६ बजे क्यालिफोर्नीयास्थित रिचमन्ड मेमोरियल अडिटोरियम, ४०३ सिभिक सेन्टर प्लाजामा आयोजना हुनेछ भने २२ डिसेम्बर बिहान ११ बजे बार्केलेमा नेपाली कला संस्कृति, भेषभुषा झल्कने झाँकीसहित-प्रभातफेरी नेपाल डे परेड आयोजना गरिनेछ ।

०८० साउनदेखि ०८१ असार मसान्तभित्र नेपालका सिनेमा घरमा प्रदर्शन भएका नेपाली चलचित्रहरू समावेश गरिएको अवार्डमा झन्डै डेढ दर्जन विधामा प्रतिस्पर्धी अवार्ड प्रदान गर्नुका साथै एक विशिष्ट चलचित्रकर्मीलाई लाइफ टाइम एचिभ्मेन्ट अवार्ड दिइँदैछ अवार्डमा सहभागी हुनका लागि नेपालबाट तीन दर्जन बढी सेलिब्रेटी अमेरिका पुग्ने छन् भने अमेरिकामै रहेका चलचित्रकर्मीहरूको समेत बाक्लो उपस्थिति रहने आयोजकले जनाएको छ । अवार्डको जुरीमा नेपालबाट वरिष्ठ अभिनेता शिव श्रेष्ठ, वरिष्ठ अभिनेता सुनिल थापा, चर्चित अभिनेत्री तथा निर्देशक दीपश्री निरौला, वरिष्ठ छायाँकार गौरीशङ्कर धूजु श्रेष्ठ, अभिनेता सुनिल कटुवाल र वरिष्ठ चलचित्र पत्रकार तथा निर्देशक लक्ष्मण सुवेदी छन् ।

अवार्ड समारोह चर्चित होस्ट नरेश भट्टराईले सञ्चालन गर्ने छन् । अवार्ड निकै भव्य र ऐतिहासिक रुपमा आयोजना गर्ने तयारी अमेरिकास्थित मूल आयोजक हिमालय फाउन्डेसन कर्प, गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्निया, लाइटे ल अफिस, सोम्नामे ग्रुप एलएलसी (यति रेष्टुरेन्ट), राजपूत ग्रुप एलएलसी, पाण्डे रियाल्टी तथा टाइटल स्पोन्सर हिमालयन हवले गरेका छन् । *-रातोपाटी डटकम*

# 'पूर्ण बहादुरको सारङ्गी' : ट्रेलर ट्रेन्डिङमा

गन्धर्व समुदायको कथामा आधारित भएर बनेको फिल्म 'पूर्ण बहादुरको सारङ्गी' यही कात्तिक १५ गते लक्ष्मीपूजाबाट सार्वजनिक प्रदर्शनमा आउने तयारीमा छ । 'काँधेकुरी' गीत रिलिजपछि चर्चामा रहेको फिल्मले गत बिहीबार सार्वजनिक ट्रेलरबाट पनि राम्रो 'हाइप' निर्माण गरेको छ । युट्युबमा ट्रेलरलाई आकर्षक भ्यूज मिलेको छ भने प्रतिक्रिया पनि सकारात्मक प्राप्त छ । युट्युबको फिल्म सेक्सनतर्फ ट्रेन्डिङको छैटौं नम्बरमा रहेको ट्रेलरलाई साढे ६ लाख बढीले हेरिसकेका छन् । यसले फिल्मप्रति दर्शकको उत्साह बोल्छ । ट्रेलर हेरेर प्रतिक्रिया जनाउनेको संख्या भने १४ सय बढी छ । र, अधिकांशले फिल्मको कथावस्तु र अभिनेता विजय बरालको अभिनयको प्रशंसामा शब्द खर्चिएका छन् । प्राय:ले फिल्मको कथावस्तुलाई अर्गानिक भनेका छन् । सारङ्गी बजाएर जीविकोपार्जन गर्ने गन्धर्व समुदायले पुर्ख्यौली पेशा धानेर बस्दा भोग्नुपरेको विभेद, समाजका कथित माथिल्लो वर्गले गरेको शूङ्क व्यवहार, थिचोमिचो सहेर गन्धर्व समुदायले बाँच्नु परेको जीवन, आर्थिक अभावका कारण गन्धर्व समुदायमा शिक्षाको अवस्थालाई ट्रेलरले मर्मस्पर्शी रुपमा देखाएको छ । विजय बरालको अभिनय ट्रेलरमा सशक्त लाग्छ । उनले बोलेका केही संवाद मनछुने छन् । ट्रेलरलाई प्राप्त प्रतिक्रिया हेर्दा फिल्मप्रति दर्शकको चासो बढेको प्रष्ट देखिन्छ । पछिल्लो समय 'पूर्ण बहादुरको सारङ्गी' शैलीका फिल्मले व्यापारिक सफलता हासिल गरिरहेकाले यसले पनि राम्रो व्यापार गर्न सक्ने प्रक्षेपण गरिएको छ । त्यसमाथि तिहारमा



***सारङ्गी बजाएर जीविकोपार्जन गर्ने गन्धर्व समुदायले पुर्ख्यौली पेशा धानेर बस्दा भोग्नुपरेको विभेद, समाजका कथित माथिल्लो वर्गले गरेको शूङ्क व्यवहार, थिचोमिचो सहेर गन्धर्व समुदायले बाँच्नु परेको जीवन, आर्थिक अभावका कारण गन्धर्व समुदायमा शिक्षाको अवस्थालाई ट्रेलरले मर्मस्पर्शी रुपमा देखाएको छ । पछिल्लो समय 'पूर्ण बहादुरको सारङ्गी' शैलीका फिल्मले व्यापारिक सफलता हासिल गरिरहेकाले यसले पनि राम्रो व्यापार गर्न सक्ने प्रक्षेपण गरिएको छ । त्यसमाथि तिहारमा फिल्मलाई सोलो रिलिजको अवसर मिलेको छ ।***

फिल्मलाई सोलो रिलिजको अवसर मिलेको छ । बलिउडबाट दुई ठूला सिरिज फिल्म 'सिंघम ३' र 'भूल भूलैयाँ ३' आउन लागेको भए पनि प्रतिस्पर्धामा नेपाली फिल्म छैनन् । यसैले 'वर्ड अफ माउथ' राम्रो भएको खण्डमा फिल्मले तिहार बिदाको फाइदा उठाउन सक्छ । सरोज पौडेलको लेखन तथा निर्देशनमा बनेको फिल्ममा विजयसहित प्रकाश सपूत, मुकुन भुसाल, बुद्धि तामाङ, अञ्जना बराइली, माओत्से गुरुङ, देशभक्त खनाल, भोलाराज सापकोटा, विनोद न्यौपाने, आलिस बास्तोला, स्वायम् केसी, जान्वी पौडेल लगायतको अभिनय छ । विनोद पौडेल र प्याट्रिक सुवेदीको निर्माण रहेको फिल्ममा महेश दवाडीको पटकथा तथा संवाद लेखन छ ।

*-फिल्मी खबर डटकम*

# जसले सर्वाधिक गाली खान्छ, उसैको फिल्म कसरी सुपरहिट हुन्छ ?


उपरोक्त शीर्षकबाटै थाहा पाउनुहुनेछ यो विषय र प्रसंगले कसलाई लक्षित गर्छ भनेर । नि:सन्देह दीपकराज गिरी र दीपाश्री निरौला यसको केन्द्रमा छन् । हुन पनि नेपाली सिनेवृत्तमा दीपक र दीपाले जति गालीगलौज कसैले खाएका छैनन् सायद । सामाजिक सञ्जाल चहार्ने हो भने यस्तो लाग्छ, मानौं दीपक-दीपा गाली खानका लागि नै जन्मिएका हुन् । यस्तो पनि लाग्छ, भएभरका दर्शक उनीहरूप्रति रुष्ट छन् । तर बक्स अफिसको गणितले त्यसो भन्दैन । सिनेमाको व्यवसाय मापन गर्ने यो इकाईले छर्लङ्ग भन्छ-'दीपक-दीपाको सिनेमा सर्वाधिक दर्शकले हेरे ।' गालीगलौजको उग्र ध्वनि र बक्स अफिसको अंक बीच कति बेमेल नतिजा ? हो पनि, जसलाई दर्शकले देखिसहन्न उसैले निर्माण गरेको फिल्म ब्लकबस्टर हुन्छ । किन ? यसको जवाफ रोचक र घोचक मात्र होइन मनन्योग्य पनि हुनसक्छ । किनभने यसले हाम्रो समाजको चरित्र, मनोविज्ञान र आम मान्छेको वंशाणुगत प्रवृत्तिलाई पनि कता-कता धक्का दिन्छ । यहाँ दुई वटा सम्भावना देखिन्छ । एक, दीपक दीपालाई जतिसुकै गाली गरे पनि उनीहरू फिल्म हेर्न भने जान्छन् । दुई, दीपक दीपालाई जतिले गाली गर्छन्, उनीहरू नेपाली फिलमका दर्शक होइनन् । उनीहरूले नहेरे पनि फिल्म सुपरहिट हुन्छ । अरू नै कोही दर्शक छन्, जो चुपचाप फिल्म हेरिदिन्छन् । यदि त्यसो नहुँदो हो त दीपक दीपाको फिल्म कसरी ब्लकबस्टर भइरहेका छन् ? कसरी औसतमा १७ करोड रुपैयाँ कमाइरहेका छन् ? अर्कै ग्रहबाट एलियनहरू फिल्म हेर्न आएका होइनन् । दुई-तीन करोडको लगानीमा निर्माण हुने, दुई-अढाइ सय हलमा प्रदर्शन हुने, कुल जनसंख्याको करिब २ प्रतिशत स्थायी दर्शकले हेरिदिने नेपाली फिल्मले १७ करोडको कारोबार गर्नु भनेको 'ब्लकबस्टर' ठहरिनु हो । 'छ एकान छ' देखि 'छक्कापञ्जा' सम्म उनीहरू यही अंकका साथ निरन्तर अग्रपंक्तिमा छन् । यहाँ तेस्रो सम्भावना के देखिन्छ भने दीपक-दीपालाई गाली गर्नेको जमात जसरी बढ्दैछन् उत्ति नै नयाँ दर्शक पनि थपिदैछन् । चौथो सम्भावना, दीपक दीपाको दर्शक यथावत् छन् । गालीगलौज गर्दै विरोध जनाउनेहरू फगत नियोजित र प्रायोजिन 'साइबर सेना' हुन् । तर, यो सम्भावना त्यति पक्का छैन । किनभने 'साइबर सेना' हरदम यसरी परिचालन हुन सक्दैनन् । स्वीकानुपर्ने सत्य के भने, एउटा ठूलो जमात दीपक दीपालाई देखिसहन्न । सामाजिक सञ्जाल यसको साक्षी हुन् । जसै दीपक दीपाले केही बोल्छन्, अधिकांशले दिल्लगी गर्न थाल्छन् । गाली गर्न थाल्छन् । मुखै छाड्न थाल्छन् । समस्या कतिसम्म छ भने, खप्नै नसकिने गाली आउन थालेपछि छक्कापञ्जा टिमले पत्रकार सम्मेलन गर्नुपऱ्यो । दीपकराजले भनेका छन्, 'छक्कापञ्जा-५ को घोषणादेखि स्वतन्त्र रूपले खुलेर सामाजिक सञ्जालमा प्रचारप्रसार गर्न पाइएको छैन ।' दीपक दीपा मात्र होइन, कुनै तटस्थ दर्शकले छक्कापञ्जाको बारेमा राम्रो भन्नासाथ वा राम्रो लेख्नासाथ उनीमाथि गाली गर्नेहरूको ओइरो लाग्छ । आखिर यतिविघ्न के बिगारेका थिए दीपक-दीपाले ? केही कुरालाई तपसिलमा राखेर यहाँ मान्छेको मनोविज्ञान र प्रवृत्तिलाई खोतल्नुपर्ने हुन्छ । मान्छेहरू सफलता चाहन्छन् र त्यसैका लागि मरिहत्ते गर्छन् । तर, अर्कोको सफलतामा मान्छे त्यति खुसी नहुने मात्र होइन बरु दु:खी हुन्छन् । रुष्ट हुन्छन् । हिन्दी चलचित्र थ्री इडियट्सको एउटा दृश्य छ, जहाँ विद्यार्थीहरू भित्तामा टाँसिएको नतिजा हेर्न तँछाडमछाड गर्दैछन् । राजु र फरहानले नतिजा सूचीको पुछारबाट आ-अफूनो नाम खोज्छन् । यसक्रममा उनीहरूले आफ्ना हितैषी रान्चो (रणछोड दास) को नाम फेला पार्दैनन् । साथी त अनुत्तीर्ण पो भए कि के हो ? यस्तो आशंकाले राजु र फरहानलाई दु:खी बनाउँछ । तर, त्योभन्दा दोब्बर दु:खी त यो कुराले बनाउँछ कि वास्तवमा रान्चोको नाम नम्बर १ मा छ । उनीहरूले त्यहाँसम्म त हेर्न भ्याएकै थिएनन् ।




फिलममा भनिएको छ 'मान्छेको प्रवृत्तिबारे हामीलाई त्यस दिन थाहा भयो । साथी फेल भएको कुराले हामी दु:खी थियौं । तर, साथी प्रथम हुँदा अरू बढी दु:खी भयौं ।' कोही आफन्त, साथी, अन्जान व्यक्ति सफल भएको कुरा मान्छेलाई त्यति निको लाग्दैन । यस्तो कुरामा मान्छेले चरण अनुसार फरक-फरक प्रतिक्रिया जनाउँछ । पहिलो चरणमा, कोही व्यक्तिले प्रगति गरिरहेको छ भने मान्छेले उसलाई दबाउन खोज्छ । दोस्रो चरणमा मान्छेले उसलाई बेवास्ता वा उपेक्षा गर्न खोज्छ । तेस्रो चरणमा मान्छे त्यो व्यक्तिसँग प्रतिस्पर्धा गर्न खोज्छ । चौथो चरणमा त्यो मान्छेको विरोध गर्न खोज्छ । तर, यो पूर्ण कारण भने होइन । यसका पछाडि अर्को कुरा पनि खप्टिएर बसेको छ । एक अन्तर्वार्तामा दीपाश्रीले 'राजेश हमाल'माथि गरेको हाकाहाकी टिप्पणीले धेरैलाई बिझाएको थियो । उनको कुरा बेठिक थिएन । तर भन्ने शैलीमा दर्शकले 'दम्भ' देखे । त्यो दम्भ उनको पछिल्लो फिल्मबाट प्राप्त सफलताको उपज मानियो । फिल्म सफलतामा दर्शकको हिस्सा हुने नै भयो । दर्शकले ठाने, 'हामीले फिल्म हेरिदिएर उनी आज यतिका भएका हुन् । अब फुर्ती गर्ने ? हामीले आदर्श मान्दै आएका महानायकलाई होच्याउने ?' दर्शक यत्तिमै रोकिएनन् । उनीहरूले चुनौती दिए, 'अब हेर, को महानायक, को खलनायक ?' यसको सोझो अर्थ दीपक-दीपाको फिल्ममाथि अघोषित प्रतिबन्ध भन्ने बुझिन्थ्यो । त्यसपछिका दिनमा दीपाश्रीले चैनको निद्रा सुत्न पाइनन् । उनीमाथि यति धेरै गाली आउन थाल्यो, त्यसबाट सम्हालिन उनलाई निकै समय लाग्यो । आखिर उनी सम्हालिइन् । चौतर्फी गाली छिचोल्दै फिल्म बनाइन् । फिल्म फेरि 'अपार सफलताका साथ' उसैगरी चल्यो, जसरी त्यसअघिका चलेका थिए । आर्थिक वर्ष २०८०-८१ मा चलचित्र विकास बोर्डद्वारा सार्वजनिक बक्स अफिस कलेक्सनले देखाउँछ, 'छक्कापञ्जा-४' ले १७ करोड ५२ लाख बढी रुपैयाँ ग्रस कलेक्सन गरेको छ । त्यस वर्ष प्रदर्शन भएका नेपाली फिल्ममध्ये सबैभन्दा बढी कमाइ थियो, यो । सर्वविदितै छ, फिल्मी निर्माणको दशवर्षे करिअरमा दीपक-दीपाले कहिल्यै पनि तालुमा हात राखेर टुक्रुक्क बस्नुपरेको छैन । 'छ एकान छ' हुँदै 'छक्कापञ्जा'को पाँचौं शृंखलासम्म आइपुग्दा उनीहरू निरन्तर सफलताको उकालो ग्राफमा छन् । रेडियो कार्यक्रम, टेलिशृंखला हुँदै आजको स्थानसम्म आइपुग्दा उनीहरूले पनि अनेकन् उतारचढाव झेले होलान् । अनेक हण्डर खाए होलान् । अनेक दु:ख सहे होलान् । अनेक अप्ठ्यारा छिचोले होलान् । रेडियोमा रामविलास-धनियाँ बनेर स्थापित भएका उनीहरू 'तितोसत्य' शृंखलासँगै विस्तारित भए । तर, संस्थागत भ्रष्टाचारले मुलुकलाई नै अन्धकार बनाउने गरी गरिएको लोडसेडिङले उनीहरूलाई पनि पाखा लगाइदियो । टेलिभिजन हेर्ने वातावरण नै धमिलो भएपछि दीपक-दीपाले करिअरको अर्को अध्याय सुरु गरे, सिनेमाबाट । विगतमा आर्जन गरेको सीप, अनुभव र दक्षतालाई अझ परिपक्व बनाउँदै उनीहरूले सिनेमा निर्माणमा हात हाले । र, यसैलाई आफ्नो मूल कर्म बनाए । किन चलेनन् 'मेगास्टार' अनमोल केसी ? उनीहरूको पहिलो फिल्म 'छ एकान छ' ले त्यसबखत सर्वाधिक कमाइ मात्र गरेन कलाकार र प्राविधिकलाई 'बोनस' नै बाँड्यो । केही पैसा बाढी पीडित र स्वर्गीय निर्देशक शिव रेग्मीका लागि पनि सहयोग गरे । 'छ एकान छ' पछिका 'वडा नम्बर ६', 'छक्का पञ्जा १, २, ३', 'छ माया छपक्कै' सबैमा 'दर्शकको अत्यधिक साथ' मिल्यो । वर्षमा औसत एउटा फिल्म बनाउनु र एकपछि अर्को व्यापारको कीर्तिमान तोड्नु कम्ता स्वादलाग्दो कुरा होइन । यसले सम्बन्धित निकायको खल्ती मात्र हराभरा बनाइदिँदैन, थप अगाडि बढ्नका लागि आत्मविश्वास र आँट पनि भरिदिन्छ । त्यति मात्र हो र ? सामान्य दिनहरूमा सन्नाटा छाउने सिनेमा घरलाई 'दशैं' ल्याइदिन्छ । थाहै नपाई सेलाउने नेपाली सिनेमाको नाडीमा चाल ल्याइदिन्छ । सबैभन्दा महत्वपूर्ण कुरा, नेपाली सिनेमाको अर्थचक्रलाई गतिशील बनाइदिन्छ । यो अर्थचक्रको लाभांश फगत फिल्म निर्माता, वितरक र हल सञ्चालकले मात्र प्राप्त गर्दैनन् । समग्र मनोरञ्जन उद्योग यसबाट लाभान्वित हुनपुग्छ । मनोरञ्जन मान्छेको नैसर्गिक आवश्यकता र रुचि हो, जसलाई यसले सुरक्षित पनि गर्छ । समाजका थुप्रै अवयवलाई चलायमान राख्न मनोरञ्जनको डोज जरूरी हुन्छ । पक्कै पनि उनीहरूको फिल्मले उठाएको मुद्दालाई लिएर तर्क गर्न सकिएला, उनीहरूको फिल्मको प्रस्तुति र संवादलाई लिएर विमति जनाउन सकिएला, उनीहरूको फिल्मको क्राफ्टलाई लिएर विमर्श गर्न सकिएला । तर, व्यक्तिलाई लिएर दिल्लगी गर्नु, मुखै छाड्नु अनर्थ र अशोभनीय हो ।

*-अनलाइन खबर डटकम*

# गुल्मीमा अवैध घरेलु मदिरा र कच्चा पदार्थ नष्ट



हाम्रा संवाददता

**गुल्मी,** कार्तिक ६/जिल्लामा अवैध घरेलु मदिरा र कच्चा पदार्थ बरामद गरी नष्ट गरिएको छ । जिल्ला प्रहरी कार्यालय गुल्मीको टोलीले ८ सय १७ लिटर अवैध घरेलु मदिरा र मदिरा बनाउने कच्चा पदार्थ बरामद गरी नष्ट गरेको हो ।

प्रहरीले रेसुङ्गा नगरपालिका भित्रका विभिन्न स्थानबाट उक्त परिमाणमा मदिरा बरामद गरेको जनाएको छ । अनुगमनका क्रममा अवैध रुपमा मदिरा फेला पारिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरीले घरेलु मदिरा बनाउन तयार गरिएको कच्चा पदार्थ ६ सय ५५ लिटर, तयारी मदिरा १ सय ६२ लिटर र ६ किलो मर्चा बरामद गरेर नष्ट गरेको हो । बरामद गरिएको मदिरा र कच्चापदार्थलाई सरोकारवालाको उपस्थितिमा रेसुङ्ग नगरपालिका-७ को डम्पिङ साइडमा लगी व्यवस्थापन गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राम कुमार केसीले बताए ।

प्रहरी कार्यालयले समुदायमा मदिरा प्रयोगबाट हुने झैझगडामा कमी ल्याउन प्रहरी-समुदाय साझेदारीमार्फत अवैध घरेलु मदिरा नियन्त्रण कार्यक्रम सञ्चालन गर्दै आएको छ । यो अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिइने प्रहरीले जनाएको छ । प्रहरीले अवैध घरेलु मदिरा प्रशस्त रहेको आन्तरिक सूचनाका आधारमा अनुगमनलाई निरन्तरता दिँदै आएको छ ।

सस्तो मूल्यमा पाइने अवैध घरेलु मदिराका कारण युवाहरूले समेत मद्यपान गर्न थालेको तथा झैझगडा बढेपछि यो अभियान सञ्चालन गरिएको हो ।

# ‘पार्टी सिद्धान्तको बारेमा स्पष्ट पार्न जरुरी छ’



हाम्रा संवाददाता

**गुल्मी,** कार्तिक ६/नेपाली काँग्रेस लुम्बिनी प्रदेश उपसभापति भुवनप्रसाद श्रेष्ठले नेता कार्यकर्तालाई पार्टी सिद्धान्तको बारेमा स्पष्ट पार्न जरुरी रहेको बताएका छन् । मंगलबार नेपाली काँग्रेस गुल्मीको बैठकलाई तम्घासमा सम्बोधन गर्दै उनले सबै तहका काँग्रेसका नेता कार्यकर्तालाई प्रशिक्षणका माध्यमबाट पार्टीको सिद्धान्तका बारेमा स्पष्ट बनाउन जरुरी रहेको बताएका हुन् ।

उपसभापति श्रेष्ठले पार्टी संगठनलाई बलियो बनाउन सबै एकताबद्ध भएर लाग्नुपर्नेमा समेत जोड दिए । काँग्रेस जिल्ला सभापति खिलध्वज पन्थीले पार्टीलाई बलियो बनाउन सबै तहका नेता कार्यकर्ता एकताबद्ध भएर लाग्नुपर्ने बताए । पार्टीलाई बलियो बनाउन सैद्धान्तिक रुपमा नेता कार्यकर्ता पनि बलियो हुन जरुरी रहेको भन्दै उनले सबै तहका नेता कार्यकर्ताहरु पार्टीमा सदस्यता थप गर्नतर्फ लाग्नुपर्ने उल्लेख गरे । बैठकमा नेपाली काँग्रेस लुम्बिनी प्रदेश सदस्य एवम् राष्ट्रिय सभा सदस्य विष्णु कुमारी सापकोटा र महासमिति सदस्य एवं लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा कानुन मन्त्री धनेन्द्र कार्कीलाई सम्मान गरिएको थियो ।

सम्मान ग्रहण गर्दै उनीहरुले पार्टीको हित हुने काम गर्दै आएको भन्दै नागरिकमा उर्जा प्रदान हुने गरी सबै जनप्रतिनिधिहरुले काम गर्न जरुरी रहेको बताए । पार्टी सचिव भगतसिंह खड्काले जिल्लाको पार्टी संगठनको अवस्थाको बारेमा जानकारी गराएका थिए । नेपाली काँग्रेस प्रशिक्षण शाखा गुल्मीले १२ वटै पालिकामा प्रशिक्षणको आयोजना गर्न लागेको अर्का सचिव जगदीश भट्टराईले बताए ।

बैठकमा पूर्व सभापति त्रैलोक्य प्रताप सेनलाई क्रियाशील सदस्यताको परिचयपत्र प्रदान गर्दै काँग्रेस गुल्मीले जिल्लामा क्रियाशील सदस्यता परिचयपत्र वितरणको शुभारम्भ समेत गरेको छ । जिल्लाबाट पालिका कार्यसमिति हुँदै वडा कार्यसमितिले क्रियाशील सदस्यता परिचयपत्र वितरण गर्ने सचिवालयले जनाएको छ ।

# पाल्पामा खुला भलिबल...

...चौरभित्र रहेको अव्यवस्थित बसोबासलाई व्यवस्थापन गरी आर्थिक वर्ष २०७८/७९ मा रु दुई लाख ५० हजार बजेट विनियोजन गरी गौतम बुद्धको मूर्ति स्थापना गरेर पर्यटन पूर्वाधारका काम थालनी गरिएको हो । बुद्धमूर्ति स्थापना गरी अभियान सुरु गरेपछि प्रदेश सरकारको आर्थिक सहयोगमा चौरको खाल्डोमा माटो भर्ने काम गरियो । अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था र समाजसेवी रामप्रसाद लम्सालको आर्थिक सहयोगमा पार्कभित्र दुईवटा प्रतिक्षालय निर्माण गरिएको छ ।

यस पार्कको सुन्दरतालाई बढाउन गत आवमा रामपुर नगरले कालीआँप-विजयपुर-बुद्धपार्क हुँदै तालपोखरा-तिलकपुर पुष्पमार्ग घोषणा गरी सौन्दर्य प्रदायक विरुवा रोपण गरेपछि पार्कको सौन्दर्य अझ बढेको छ । गत आव लुम्बिनी प्रदेश पर्यटन डिभिजन कार्यालय भैरहवाबाट रु १० लाख बजेटमा घेराबार, प्रवेशद्धार, पार्कमा पैदलमार्ग र ज्येष्ठ नागरिक विश्रामस्थल प्रतिक्षालय निर्माण गरिएको छ । वडा कार्यालयको सहयोगमा गत वर्ष तीन लाख बजेटबाट खुला व्यायमशाला निर्माण गरिएको हो । चारैतिर पक्की सडकभित्र पर्ने करिब १३ रोपनी जग्गालाई व्यवस्थापनलाई गरी संरचना तयार पारेर बुद्धपार्कको पहिचान बनेको बुद्धपार्क निर्माण समितिका अध्यक्ष धर्मराज ढकाल बताउन्छन् । पार्क क्षेत्रमा अमलाका बिरुवा लगाइएको छ भने आउँदो वर्ष आँपका बिरुवा लगाउने तयारी रहेको उनले जानकारी दिए । यसलाई बालउद्यानका रूपमा विकास गर्ने योजना उनको छ । खुला चौर, ठाउँलाई सदुपयोग गरी पर्यटकीय तथा धार्मिक क्षेत्रको विकासमा वडाले जोड दिएको बताउन्छन्, रामपुर-६ का वडाध्यक्ष दिवाकर देवकोटा । व्यायाम गर्न, बुद्धमूर्ति दर्शन, पार्कमा घुमफिर गर्दै फोटो तथा भिडियो खिच्ने, टिकटक बनाउन आन्तरिक पर्यटक पुग्ने गर्दछन् । खुला सफा चौरमा बिहान साँझ आराम गर्न, साथीभाइ भेटघाटका लागि आन्तरिक पर्यटकलाई यो क्षेत्र गन्तव्यस्थल बनेको छ । धार्मिक तथा पर्यटन प्रवर्द्धनका लागि नगरभित्रका विभिन्न सार्वजनिकस्थलमा आवश्यक पर्ने संरचना निर्माण गर्ने कार्य गरिरहेको रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले जानकारी दिए । पर्यटकीय तथा धार्मिक संरचना बनाउन थालेपछि सार्वजनिक जग्गाको राम्रो सदुपयोग भएको नगरप्रमुख थापाले बताए । ‘रामपुर नगरलाई एउटा धार्मिक तथा पर्यटकीय हबका रूपमा विकास गर्दै गएका छौं’, उनले भने, ‘भुगोलले मिलेको यो क्षेत्रमा ठाउँ अनुसार आवश्यक पूर्वाधार निर्माण गरी पर्यटकीय क्षेत्र बनाउन नगर सरकारले जोड दिएर काम गरिरहेको छ, यसका लागि नगरपालिका कार्यालय तथा वडा कार्यालयबाट काम भइरहेका छन् ।’ - *रासस*

## खेलकुद समाचार

# सोल्मा क्लबलाई फुटबलको उपाधि



**खोटाङ,** कार्तिक ६/प्रथम सोल्मा यु-१७ फुटबल प्रतियोगिताको उपाधि आयोजक सोल्मा स्पोर्टस क्लब (निलो) ले जितेको छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-२ सोल्मास्थित क्लबको खेल मैदानमा सोमबार साँझ सम्पन्न फाइनल खेलमा दिक्तेल फुटबल क्लब दिक्तेललाई ३-० हराउँदै आयोजक निलोले उपाधि जितेको हो ।

खेलको पहिलो हाफको नवौँ मिनेटमा सोल्मा निलोका खेलाडी प्रविण तामाङले गोल गर्दै अग्रता दिलाएका हुन् । दोस्रो हाफको २० औं मिनेटमा सोल्मा निलोका गोलरक्षक पास्कल बस्नेतले पोष्टबाट हानेको बल गोलमा परिणत भएपछि अग्रता दोब्बर भएको थियो । दोस्रो हाफको ३३ औं मिनेटमा सोल्मा निलोका खेलाडी तिलक कार्कीले तेस्रो गोल गरेपछि जीत सुनिश्चित भएको हो । उपाधि विजेता आयोजकले २५ हजार नगद, कप, मेडल र प्रमाणपत्र तथा उपविजेताले नगद १५ हजार नगद, कप, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा विभिन्न विद्यागत पुरस्कारसमेत वितरण गरिएको थियो । विभिन्न विधागत उपाधिअन्तर्गत सोल्मा निलोका खेलाडी तिलक कार्कीले बेष्ट प्लेयर, हाइ स्कोरमा प्रविण तामाङ, बेष्ट किपरमा पास्कल बस्नेत, बेष्ट डिफेण्डरमा दिलीप राई, बेष्ट मिडफिल्डरमा आशिष राई र बेष्ट कोचमा सनम राई घोषित भएका आयोजक सोल्मा स्पोर्टस् क्लबका सहसचिव अमर श्रेष्ठले जानकारी दिए । उनीहरूमध्ये बेष्ट प्लेयर कार्कीले नगद दुई हजार दुई सय २२, ट्रफी र प्रमाणपत्र तथा अन्य विद्याग पुरस्कार विजेताहरूले जनही नगद एक हजार एक सय ११ को साथमा ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन् । चाडबाडका बेला युवाहरूलाई सिर्जनात्मक गतिविधिमा संलग्न गराउँदै कुलतबाट जोगाउन फुटबल प्रतियोगिता आयोजना क्लबका अध्यक्ष वबिक्रम राईले बताए । विजयी समूह तथा खेलाडीलाई जिल्ला खेलकुद विकास समिति खोटाङका अध्यक्ष रमेश राईले पुरस्कार वितरण गरेका थिए । यही कार्तिक २ गतेदेखि सुरु भएको प्रथम सोल्मा यु-१७ फुटबल प्रतियोगितामा जिल्लाका विभिन्न स्थानीय तहका आठ वटा क्लबका खेलाडी सहभागी भएका थिए ।

## सच्याइएको

नवजनचेतना राष्ट्रिय दैनिकको वर्ष ३० अंक ९३, मिति २०८१/७/६ गते प्रथम पृष्ठमा प्रकाशित **‘दुना-टपरीले फेरिएको’** दैनिकि शिर्षकको समाचारमा तानसेन-७, काजीपौवा हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । **-सम्पादक**

## अर्थ/कर्पोरेट समाचार

# दोहोरो अंकले बढ्यो नेप्से



**पाल्पा,** कार्तिक ६/ अघिल्ला दुई दिन आइतबार र सोमबार लगातार घटेको सेयर बजार मंगलबार भने बढेको छ । सेयर कारोबार मापक नेप्से परिसूचक २५ दशमलव ८८ अंकले बढेको हो ।

नेप्से बढेसँगै २ हजार ६ सय ६५ दशमलव ८१ विन्दुमा उक्लेको छ । सोमबारको तुलनामा नेप्से ०.९८ प्रतिशतले बढी हो । सताको पहिलो र दोस्रो दिन घटेको नेप्से तेस्रो दिन आएर भने दोहोरो अंकले बढेको छ । सो दिन कारोबारमा आएकामध्ये १९९ वटा कम्पनीको सेयरमूल्य बढ्यो, ४० वटाको घट्यो भने बाँकी ५ वटा कम्पनीको स्थिर रह्यो । ५३ हजार ६ सय ७८ पटकको कारोबारमा १ करोड ९ लाख ६२ हजार २८१ कित्ता सेयर किनबेच भए । ती किनबेचमा ४ अर्ब १७ करोड १६ लाख ६५ हजार रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम घटेको हो । कारोबारमा आएका १३ उपसमूहमध्ये सबैको परिसूचक बढेपछि समग्र नेप्सेको वृद्धिमा टेवा पुगेको हो । सबै सेक्टरका सूचक बढेका छन् । फाइनान्स सबैभन्दा धेरै ३ दशमलव ०३ प्रतिशत बढ्यो । बैंकिङ ० दशमलव ६८, विकास बैंक १ दशमलव २५, होटल तथा पर्यटन ० दशमलव ४४, हाइड्रोपावर १ दशमलव ४२, लगानी ० दशमलव ९२, जीवन बीमा ० दशमलव ४९, उत्पादन २ दशमलव१४, माइक्रोफाइनान्स ० दशमलव ६६, निर्जीवन बीमा ० दशमलव ६१, अन्य १ दशमलव ०२ र व्यापार समूह ० दशमलव ९० प्रतिशत बढे ।

रावा इनर्जीको मूल्य ८ दशमलव ८६ प्रतिशत बढ्यो । मनकामना इन्जिनियरिङको ७ दशमलव ८२, थ्रीस्टार हाइड्रोपावरको ६ दशमलव ३६, माहुली लघुवित्तको ६ दशमलव १० तथा मैलुङखोला जलविद्युतको ६ दशमलव ०९ प्रतिशत मूल्य बढ्यो । विन नेपाल लघुवित्तको मूल्य ४ दशमलव ७५ तथा सिकलेस हाइड्रोपावरको २ दशमलव ५० प्रतिशत घट्यो । कारोबार रकमका आधारमा गुडविल फाइनान्स, कुमारी बैंक, हिमालयन रिइन्स्योरेन्स, पिपुल्स हाइड्रोपावर र एसबीआई बैंक क्रमश: अगाडि रहे ।


# हार्दिक समवेदना



जन्म
१९९७/०२/०२

**स्व.मनरुपा अर्याल**

स्वर्गारोहण
२०८१/०६/२५

**हाम्रा मित्र माधव अर्याल, रामहरी अर्याल, श्यामहरी अर्याल तथा शंकर अर्यालको ममतामयी माता स्व. मनरुपा अर्यालको** मिति **२०८१/६/२५** मा भएको असमाहिक निधनले हामी अत्यन्तै मर्माहित भएका छौं । यस दुखद घडीमा स्व.आमाको आत्माको चिरशान्ति तथा बैकुण्ठ वासको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** साथै सम्पूर्ण परिवारजनमा धैर्यधारण गर्ने शक्ति श्री ७ रणउजेशरी भगवतीमाताबाट प्राप्त होस् भनि **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

**विनोद पन्थी**
**गोविन्द कार्की**
**रामकृष्ण ज्ञवाली**
**राजेश कुमार श्रेष्ठ**
**तानसेन, पाल्पा**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई